# बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन

विभाग स्नातकोत्तर तह (एम्.एड्) दोस्रो वर्षको

आंशिक आवश्यकता पूरा गर्न प्रस्तुत

शोधपत्र


शोध कर्ता

झबिन्द्रप्रसाद पाण्डेय

त्रि.वि.दर्ता नं. : ७९५-८९

क्याम्पस रोल नं. : ८४/२०५९

परीक्षा रोल नं. : २४०००२२/२०६१



त्रिभुवन विश्वविद्यालय, शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

चैत्र, २०६७



झबिन्द्रप्रसाद पाण्डेय

बालविकास केन्द्रको शैक्षिक

शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम.एड्. द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नका निमित्त शोधकर्ता झविन्द्रप्रसाद पाण्डेयले **"बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन"** विषयको शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पार्नु भएको हो । उहाँले पूरा गर्नु भएको यस शोध पत्रबाट म सन्तुष्ट छु अतः यस शोधपत्रको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

............................

जयकृष्ण शर्मा

(सहायक प्राध्यापक)

शोध निर्देशक

मिति २०६७/१२/१५

## कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, सप्तगण्डकी बहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभाग, एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नको लागि अनिवार्य पत्र भ्ए: छढड अन्तर्गत बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन शीर्षकमा यो शोधपत्र तयार गरिएको छ ।

यस शोधपत्र तयार गर्ने क्रममा आवश्यक मार्गनिर्देशन, सहयोग तथा सुझाव दिनुहुने यसै विभागका विभागीय प्रमुख उपप्रध्यापक कुवेरनाथ शर्माज्यू प्रति आभार व्यक्त गर्न चाहन्छु । यस शोध कार्यलाई सफल बनाउनका लागि शुरुदेखि अन्त्यसम्म आफ्नो अमूल्य समय, सुझाव तथा मार्गदर्शन गर्नुहुने शोध निर्देशक स. प्राध्यापक जयकृष्ण शर्माज्यू प्रति हृदयदेखि नै हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोध कार्यमा आवश्यक सल्लाह, सुझाव दिई सहयोग गर्नु हुने यस क्याम्पसका उपप्राध्यापक होमनाथ सापकोटाज्यू, उपप्राध्यापक रमाकान्त सापकोटाज्यू उप प्राध्यापक देनप्रसाद लामिछानेज्यूहरु प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

यस शोध कार्यको सिलसिलामा आवश्यक सुझाव, सूचना तथा तथ्याङ्कहरु उपलब्ध गराई सहयोग गर्नुहुने सम्बन्धित विद्यालयका प्र.अ.हरु, सहयोगी कार्यकर्ता/शिक्षकहरु, विद्यालय निरीक्षक/स्रोत व्यक्ति प्रति पनि आभार व्यक्त गर्न चाहन्छु । यस अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा उत्प्रेरणाका साथै अमूल्य सहयोग गर्नुहुने मित्रहरु विष्णुप्रसाद पराजुली र डण्डपाणी भट्टराईलाई हार्दिक धन्यवाद दिन चाहन्छु । शोध अध्ययनका क्रममा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनुहुने सबै महानुभावहरु धन्वादका पात्र हुनुहुन्छ । यस शोधपत्रलाई पूर्ण रुप दिन कम्प्युटर कार्यमा सहयोग गर्नुहुने त्तगबष्तिथ एजयतयअयउथ बलम ऋफउगतभच प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । यो शोधपत्र स्थलगत अध्ययनबाट प्राप्त सूचनाहरुको आधारमा तयार पारिएकोले बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा सुधार र यस विषयसंग सम्बन्धित व्यक्ति तथा संस्थाका लागि थप जानकारी राख्न इच्छुकहरुका लागि उपयोगी हुन सक्ने अपेक्षा गरेको छु ।

झविन्द्रप्रसाद पाण्डेय

# शोधसार


यो शोधपत्र बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन शीर्षकमा गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्य अध्ययनको छनौटमा परेका विद्यालयहरुमा सञ्चालित बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनको स्थितिको लेखाजोखा गर्नुरहेको छ ।

निर्धारित उद्देश्य पूरा गर्नका लागि सम्भावना रहित नमूना छनौट अन्तर्गतको उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा जि.शि.का. रुपन्देही, स्रोत केन्द्र धकधई अन्तर्गत पर्ने केरवानी गा.वि.स.मा रहेका १० वटा सामुदायिक विद्यालयमा सञ्चालन भएका बालविकास केन्द्रका अध्यक्ष, अभिभावक, सहयोगी कार्यकर्ता, प्र.अ., वि.नि. र स्रोत व्यक्ति गरी जम्मा ४४ जनासंग अन्तर्वार्ता प्रश्नावलीको माध्यमबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको थियो भने द्वितीय तथ्याङ्क सङ्कलनका लागि अनुसन्धानसंग सम्बन्धित विद्यालयका अभिलेखहरु, अवलोकन फारम, पत्रपत्रिका, लेख रचना, बुलेटिन, अप्रकाशित शोध पत्रहरु तथा साहित्यहरुलाई आधार लिइएको छ । प्राप्त भएका र सङ्कलन गरिएका तथ्याङ्कलाई वर्णनात्मक तरिकाले व्याख्या एवं विश्लेषण गरिएको छ ।

शोध अध्ययनको क्रममा बालविकास केन्द्रहरु सञ्चालनका लागि विद्यालयद्वारा सञ्चालित बालविकास केन्द्रको सञ्चालन र रेखदेखको जिम्मा वि.व्य.स.को रहेको पाइयो । कक्षा सञ्चालनका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विद्यालय स्वयंले जुटाउनु पर्ने भएकोले पर्याप्त स्रोत, साधनको कमी भएको पाइयो । सञ्चालित बालविकास केन्द्रमध्ये केहि बालविकास केन्द्रमा व्यवस्थापन पक्ष र स्थानीय समुदायको सक्रियतामा सन्तोषजनक पठनपाठन भए पनि अधिकांश बालविकास केन्द्रको व्यवस्थापन पक्ष नाजुक रहेको पाइयो । बालबालिकाका लागि स्वच्छ, सफा पिउने पानी, खेलमैदान र शौचालयको सुलभ व्यवस्थापनमा पर्याप्त ध्यान पुग्न नसकेको पाइयो । सहयोगी कार्यकर्तालाई उचित तालिम, शैक्षिक सामग्रीको अभाव र न्यायोचित पारिश्रमिकसम्बन्धी गुनासो रहेको पाइयो । नजिकमा अरु बालविकास केन्द्र रहेको, नीजि विद्यालयहरुले विभिन्न आकर्षण देखाइ विद्यार्थी लैजानु र अंग्रेजी शिक्षा प्रतिको मोहका कारण विद्यार्थी संख्या घट्दै गएको पाइयो ।

बालविकास केन्द्रलाई थप प्रभावकारी बनाउन विद्यालय तहको शिक्षा नीतिमा नीतिगत पुनर्संरचना गरी बालविकास केन्द्रलाई तहगत संरचनामा राखी छुट्टै व्यवस्थापन गर्नुपर्दछ । बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन राम्रो बनाउन वि.व्य.स., अभिभावक, सहयोगी कार्यकर्ता, प्र.अ., वि.नि., स्रोत व्यक्ति लगायत अन्य सरोकारवालाहरुलाई थप उत्तरदायी बनाउनु पर्ने मुख्य निश्कर्ष निकालिएको छ । प्रत्येक बालविकास केन्द्रमा पाठ्यक्रम, निर्देशिका, शिक्षण सामग्रीको व्यवस्था गरी शिक्षण विधि, सिकाइ उपलब्धीको मापन, निरन्तर मूल्याङ्कनमा एकरुपता कायम गर्नुपर्ने, सहयोगी कार्यकर्तालाई तालिमका साथै उचित पारिश्रमिक उपलब्ध गराउनु पर्ने, नियमित निरिक्षण गर्नुपर्ने, भौतिक पूर्वाधार निर्माण गरी सान्दर्भिक वातावरण सिर्जना गर्नुपर्ने जस्ता कुराहरु सुझावको रुपमा पेश गरिएको छ । यस अध्ययनले बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा रहेर काम गर्ने व्यक्तिहरु एवं बालविकास केन्द्रसम्बन्धी जानकारी राख्न इच्छुक सबैका लागि सहयोगी हुने अपेक्षा गरिएको छ ।

# विषयसूची


**सिफारिस पत्र** **I**

**स्वीकृति पत्र** **II**

**कृतज्ञता** **III**

**शोधसार** **IV**

**विषयसूची** **VI**

**अनुसूची** **VIII**

**संक्षिप्त शाब्दावली** **IX**

**परिच्छेद एक : परिचय** **1-8**

१.१ पृष्ठभूमि 1

१.२ समस्याको कथन 6

१.३ अध्ययनको औचित्य 6

१.४ अध्ययनको उद्देश्य 7

१.५ अनुसन्धानात्क प्रश्नहरु 7

१.६ अध्ययनको परिसीमा 8

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका** **9-16**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन 9

२.२ अध्ययनको सैद्धान्तिक खाका 14

२.३ शैक्षिक उपादेयता 16

**परिच्छेद तीन : अध्ययन विधि** **17-19**

३.१ अनुसन्धानको ढांचा 17

३.२ जनसंख्या र नमूना छनौट प्रक्रिया 17

३.३ अध्ययनको साधनको निर्माण 18

३.४ तथ्याङ्क सङ्कलनका स्रोतहरु 19

३.५ तथ्याङ्क सङ्कलन विधि 20

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण 20

**परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण 21-48**

४.१ बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनको स्थिति 21

४.१.१ सहयोगी कार्यकर्ताको नियुक्ति प्रक्रिया 22

४.१.२ सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता र तालिम 23

४.१.३ सहयोगी कार्यकर्ताको पारिश्रमिकको व्यवस्था 24

४.१.४ विद्यार्थी संख्याको स्थिति 25

४.१.५ कक्षा कोठा व्यवस्थापनको अवस्था 26

४.१.६ खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था 27

४.१.७ शिक्षण विधि र मूल्याङ्कन प्रक्रिया 27

४.१.८ खानेपानी, शौचालय तथा खेलमैदानको व्यवस्था 39

४.२ बालविकास केन्द्रको शैक्षिक व्यवस्थापनमा सरोकारवालाको संलग्नता 30

४.२.१ अभिभावकको संलग्नता 31

४.२.२ विद्यालय व्यवस्थापन समितिको संलग्नता 32

४.२.३ प्रधानाध्यापकको संलग्नता 34

४.२.४ सहयोगी कार्यकर्ताको संलग्नताको स्थिति 35

४.२.५ विद्यालय निरीक्षक/स्रोत व्यक्तिको संलग्नता 36

४.३ बालविकास केन्द्रमा शैक्षिक व्यवस्थापनमा देखिएका समस्याहरु 38

४.४ बालविकास केन्द्रको समस्या समाधानका उपायहरु 43

**परिच्छेद पाँच : प्राप्ती, निष्कर्ष र सुझावहरु 48-53**

५.१ प्राप्ती 48

५.२ निष्कर्ष 50

५.३ सुझावहरु 52

**सन्दर्भ सामग्री**

**अनुसूचीहरु**

# अनुसूचीहरु

अनुसूची १ : अध्ययनका लागि छनोट गरिएका बालविकास केन्द्रको विवरण

अनुसूची २ : अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली

अनुसूची ३ : सहयोगी कार्यकर्ताको लागि अन्तर्वार्ता प्रश्नावली

अनुसूची ४ : वि.व्य.स. अध्यक्ष, प्र.अ.,वि.नि. ⁄ स्रोत व्यक्तिका लागि अन्तर्वार्ता प्रश्नावली

अनुसूची ५ : छनौटमा परेका बालविकास केन्द्रको विद्यार्थी विवरण

अनुसूची ६ : सहयोगी कार्यकर्ता सम्बन्धी विवरण

अनुसूची ७ : बालविकास केन्द्र अवलोकन रुजु सूची

## संक्षिप्त शब्दावली

| | |
|---|---|
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| गा.वि.स. | गाउँ विकास समिति |
| जि.वि.स. | जिल्ला विकास समिति |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| प्र.अ. | प्रधानाध्यापक |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.नि. | विद्यालय निरिक्षक |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| स.का. | सहयोगी कार्यकर्ता |
| शि.अ.संघ | शिक्षक अभिभावक संघ |
| क्षे.शि.नि. | क्षेत्रिय शिक्षा निर्देशनालय |